नेपाल सरकार

# स्वास्थ्य बीमा बोर्ड

टेकु, काठमाण्डौं

०१-४१००२२३

पत्र संख्या: ०७७/०७८
च.न. १०४३

मिति: २०७८।०३।०९

**श्री एडभान्स मल्टिस्पेसियालिटी हस्पिटल,प्रा०लि०,**
**दमक, झापा ।**

**विषय : सेवा प्रदायक सूचिबाट हटाईएको सम्बन्धमा ।**

तहाँ अस्पतालसँग मिति २०७५।०६।०२ देखि स्वास्थ्य बीमा ऐन, २०७४ र स्वास्थ्य बीमा नियमावली, २०७५ एवं बोर्डबाट जारी गरिएको नीति नियम पालना गर्ने गरी बोर्डसँग सेवा सम्झौता भई नियमित सेवा प्रवाह गरिरहेकोमा पछिल्लो समयमा तहाँ अस्पतालले स्वास्थ्य बीमामा आवद्ध बीमितको उपचार र दाबी कार्य स्वास्थ्य बीमा ऐन विपरित गरेको पाईएकोले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.न.१३२३ मिति २०७८।०२।१८ को पत्रमार्फत तहाँ अस्पताललाई सेवा प्रदायकको सूचिबाट हटाउन दिईएको निर्देशन एवं यस बोर्डको मिति २०७८।०२।२१ को बोर्ड बैठकको निर्णयबाट स्वास्थ्य बीमा ऐन, २०७४ को दफा ३७ को प्रावधानलाई पालना गर्दै सोही ऐनको दफा १२ तथा स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम १९ बमोजिम अभिलेख राखि सम्झौता रद्ध गर्ने र भुक्तानी गर्न बाँकी दाबी परिक्षण पश्चात भुक्तानी दिने गरी सेवा सम्झौता रद्ध गर्ने भनी निर्णय भएको हुदाँ तहाँ अस्पतालसँग भएको सम्झौता रद्ध गरी मिति २०७८।०३।०९ देखि यस बोर्डको **सेवा प्रदायक सूचिबाट हटाईएको व्यहोरा** बोर्डको निर्णयानुसार जानकारी गराईन्छ ।

..........................
डा. दामोदर बसौला
(कार्यकारी निर्देशक)
कार्यकारी निर्देशक

**बोधार्थ :**

- श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं ।
- श्रीमान् अध्यक्षज्यू स्वास्थ्य बीमा बोर्ड अबगतार्थ ।
- श्री स्वास्थ्य सेवा विभाग टेकु, काठमाडौं ।
- श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश न.१ बिराटनगर, मोरङ ।
- श्री सामाजिक विकास मन्त्रालय, प्रदेश न.१ बिराटनगर, मोरङ ।
- श्री प्रदेश स्वास्थ्य निर्देशनालय, प्रदेश न.१ बिराटनगर, मोरङ ।
- श्री स्वास्थ्य बीमा बोर्ड, सूचना प्रबिधि शाखा: अस्पताललाई IMIS मा निस्क्रिय गराउनुहुन /पत्र website मा upload गर्नुहुन ।
- श्री स्वास्थ्य बीमा बोर्ड, शाखा कार्यालय प्रदेश न.१ बिराटनगर, मोरङ ।
- श्री स्वास्थ्य बीमा बोर्ड, सम्पर्क शाखा कार्यालय, झापा ।
- श्री सबै सेवा प्रदायक संस्थाहरु ।